सुर्नया गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
रौलेश्वर,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

प.स. २०७७/०७८
च.नं. ६५६

मितिः२०७७/११/१७

**बिषय : आगामी आ.व.२०७८/०७९ का लागि बेरोजगार ब्यक्ति सूचिकरण सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
सुर्नया गाउँपालिका, रौलेश्वर, बैतडी

प्रस्तुत बिषय सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७६/१०/२५ , च.नं. /PMEP/ २५८ को प्राप्त पत्रानुसार आगामी आ.व. २०७८/०७९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच लक्षित गरिब विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ बेरोजगार व्यक्तिहरुले **मिति २०७७ फागुन मसान्तसम्मका** लागि सम्बन्धित वडा कार्यालयमा निवेदन आह्वान सम्बन्धी सूचना प्रकासनका साथै निवेदन संकलन गरिदिनहुन अनुरोध गरिन्छ ।

कमलापति भट्ट
प्रमुख प्रशासकीय अधिकृत

(कमलापति भट्ट)
प्रमुख प्रशासकिय अधिकृत

E-mail: surnayagaupalika@gmail.com

" स्वच्छ र सक्षम निजामती प्रशासः समृद्धि र सुशासन् "

सुर्नया गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
रौलेश्वर,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

प.स. २०७७/०७८
च.नं.

मितिः२०७७/११/१७

## आ.ब.२०७८/०७९ का लागि बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन २०७७) बमोजिम आगामी आ.ब. २०७८/०७९ का लागि स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक **१८-५९ बर्ष उमेर समुहका बेरोजगार व्यक्तिहरुले २०७७ फागुन मसान्तसम्म** आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(पहिलो संसोधन २०७७) को अनुसूची १ बमोजिम हुनुपर्नेछ । **निवेदनको ढाँचा सम्बन्धि वडा कार्यालय, नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट** www.pmep.gov.np/publication/others **बाट प्राप्त गर्न सकिनेछ ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच लक्षित गरिब विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुऱ्याउने भएकाले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ ।

### निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु :

१. निवेदक सहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको नं. स्पष्ट देखिनेगरि उल्लेख गर्ने र निवेदकको नागरिकताको प्रतिलिपि अनिवार्य अट्यास गर्नुपर्ने छ।

२. नागरिकता नभएका बालबालिकाहरुको जन्मदर्ता प्रमाण पत्रको स्पष्ट देखिनेगरि उल्लेख गर्ने ।

३. फोन नं., बार्षिक पारिवारीक आय, र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने छ ।

४. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी मति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था आदि विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।

५. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता, तथा अन्य (पेन्सन), कुनै सेवा सुविधा लिइरहेको/नरहेको विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।

७. साथै निवेदक कुनै किसिमको स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ ।

**नोट :** माथि उल्लेखित विवरण अपूर्ण अथवा झुठो भएमा फारम रद्द गरिनेछ । साथै थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**E-mail:** surnayagaupalika@gmail.com

*" स्वच्छ र सक्षम निजामती प्रशासः समृद्धि र सुशासन्"*